“जल, जंगल, कृषि, पर्यटन याङवरकको पहिचान, उज्यालो-समृद्ध याङवरक हाम्रो अभियान”

# याङवरक गाउँपालिका

# तेस्रो गाउँ सभामा प्रस्तुत

# आ.व. २०७५/०७६

# को

# बार्षिक बजेट, नीति तथा कार्यक्रम

**याङवरक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थर्पू, पाँचथर**
**१ नं प्रदेश, नेपाल**

प्रमुख अथिति : प्रदेश सभा सदस्य माननिय श्री गणेश कुमार काम्बाङ
बिशेष अतिथी : जि.स.स. प्रमुख श्री विस्नु प्रसाद सापकोटा
अतिथि : जि.स.स. सदस्य श्री नर बहादुर गुरुङ
अतिथि : जि.वि.स. पूर्व सभापती श्री उपेन्द्र दंगाल
अतिथि : नेकपा अध्यक्ष श्री भीम बहादुर योङया (सुवास)
अतिथि : नेपाली काँग्रेस सभापति/ प्रतिनिधि
अतिथि : रा.प्र.पा. संयोजक/प्रतिनिधि
अतिथि : संघिय समाजवादी फोरम नेपाल संयोजक/प्रतिनिधि
अतिथि : संघिय लिम्बुवान पार्टी नेपालका प्रमुख/प्रतिनिधि
अतिथि : संघिय लिम्बुवान (मञ्च सम्बध्द) पार्टी संयोजक/प्रतिनिधि
अतिथि : राष्ट्रिय जनमुक्ति पार्टी अध्यक्ष/प्रतिनिधि
अतिथि : गाउँपालिका उपाध्यक्ष श्री कमल कुमारी योङहाङ
सुरक्षा निकायका प्रमुख ज्यूहरु
गाउँपालिका स्थित विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधि ज्यूहरु
अन्य निर्वाचित जनप्रतिनिधि ज्यूहरु
उद्योग वाणिज्य संघ, रेडक्रस सोसाइटी, गैरसरकारी संस्था महासंघ, नेपाल पत्रकार महासंघ लगायतका संघ संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु
पत्रकार, महिला, आदिवासी जनजाति, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत संघ संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु
उपस्थित याङवरक गाउँपालिकावासी आमा बुवा दाजु भाई तथा दिदी बहिनीहरु ।

## *हार्दिक अभिवादन*

आज मिति २०७५।०३।१० गते गाउँपालिकाको तेस्रो गाउँसभाको उद्घाटन समारोह हुन गई रहेको छ । यो तेस्रो गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरवको महसुश गरेको छु । हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभाको उद्घाटन समारोहमा उपस्थित भई समारोहको गरिमा बढाई दिनु हुने आदरणिय प्रमुख अतिथीज्यू ,विषेश अतिथीज्यू, कृयासिल राजनैतिक दलका प्रतिनिधिज्यूहरु, उपाध्यक्षज्यू, वडाअध्यक्षज्यू, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु गाउँसभा सदस्यज्यूहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरु, नगरिक समाजका तथा प्रत्रकारज्यूहरु, कर्मचारी मित्रहरु प्रति याङवरक गाउँपालिकाको तर्फवाट हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्न चाहान्छु । नेपालमा लोकतान्त्रीक व्यवस्थाको लागी नेपाली जनताले गर्दै आएको आन्दोलन गरी न्याय, प्रजातन्त्र र समानताका निमित्त जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधान जारी भई नयाँ संरचना र शासन प्रणाली प्रयोगमा आएको छ । संविधान र वर्तमान राजनैतिक प्रणालीको संस्थागत विकास एवं लोकतन्त्रको सुदृढीकरण गर्ने जिम्मा स्थानिय तहमा पनि आएको छ । संविधानले राजनैतिक मुद्दाहरुको छिनोफानो गरी सकेको सन्दर्भमा अव स्थानीय आर्थिक विकासका एजेण्डाहरु अगाडि आएका छन । त्यसका निमित्त सबै याङवरकवासीहरु, प्रमुख राजनैतिक दलहरु सरकारी तथा गैररकारी संस्थाहरु एकमन एकताका साथ अगाडि बढ्नु पर्ने देखिन्छ । यी सवै कुराहरुको मध्यनजर राखी बजेट, नीति तथा कार्यक्रम निर्माण गरी यो तेस्रो गाउँ सभाको आयोजना गरेका छौ । यो गाउँ सभाले यस क्षेत्रका सवै सम्भावनाहरुको खोजी गरी व्यवस्थित विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा मैले पूर्ण विश्वास लिएको छु । गाउँपालिका भित्रका सवै वडाहरुमा वडा भेलाको आयोजना गरी राय सल्लाह सुझाव सहमति आदिका आधारमा वडाहरुको सन्तुलित विकासलाई मध्येनजर राखी योजनाहरु छनौट भई आए अनुसार सवै योजनाहरुलाई सिमित श्रोत र साधनको अभावमा सम्वोधन गर्न नसकिए पनि अधिकांस योजनाहरुमा वजेट विनियोजन गरिएको छ । गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तयार गर्दा राज्यका निर्देशक सिद्धान्त, नीतिहरु राष्ट्रिय योजना आयोगको मार्गदर्शन, नेपाल सरकारको आदेश, अर्थ मन्त्रालयको मार्ग निर्देशन, नेपाल सरकारले प्रकाशनमा ल्याएको चौधौ योजना, सहस्राव्दी विकास लक्ष्य, क्षेत्रगत र राष्ट्रिय नीतिहरु आवधिक जिल्ला विकास योजना, यस गाउँपालिकाको विगतका गाउँसभाद्धारा पारित निर्णयहरु, गाउँपालिकाको विकास सम्वन्धि अवधारणाहरु याङवरक गाउँपालिका भित्रका वुद्धिजीवीहरु, समाजसेवीहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरुको सल्लाह, सुझाव आदिका आधारमा यो नीति तथा कार्यक्रमको तय गरिएको हो । यो नीति, कार्यक्रम तथा बजेटले राज्य तथा यस गाउँपालिकाले लिएको उदेश्य पुरा गर्ने छ भन्ने हामीले पुरा विश्वास लिएका छौ ।

नेपालको संविधानको अनुसूची ८ र ९ ले दिएको अधिकार, कार्यक्षेत्र तथा जिम्मेवारी अनुसार अव स्थानीय तह जनताको सवैभन्दा नजिकको घरदैलोको सरकार हो भन्ने कुरा स्पष्ट भई सकेको छ । आजको गाउँपालिकाहिजोको गाउँ विकास समिति जस्तो केन्द्रिकृत शासन व्यवस्थामा आधारित परनिर्भर गाउँपालिका होईन । अव गाउँपालिकाहरुले स्वायत्तता प्राप्त गरी सकेका छन् । सिँहदरवारको अधिकार जनताको घरदैलोमा आएको छ । एउटा सार्वभौम र स्वायत्त गाउँपालिकाले लिने निर्णय र यसका भूमिकाले समाजको,

मानवीय तथा भौतिक विकासमा प्रत्यक्ष एवं दुरगामी प्रभाव पार्दछ । त्यसैले यसको नेतृत्व सही, निस्वार्थी र कुशल हुनु पर्दछ अनि सुझवुझ र होसका साथ अविचलित रुपमा अगाडि वढ्नु पर्ने देखिन्छ ।

गाउँपालिकाले विकासका पूर्वाधारहरु खडा गरी नसकेको हुँदा व्यवस्थित योजनाहरु छैनन । स्थानिय स्रोत र साधनको प्रारम्भिक रुपमा परिचालन पनि उचित तवरले भएको छैन । यातायात संचार खानेपानी स्वास्थ्य शिक्षा तथा बजारीकरणको पुन व्यवस्थापन गर्नु पर्ने भएको छ । यस गाउँपालिकाका जनप्रतिनिधिहरुले गाउँपालिकालाई प्राप्त अधिकारको उचित प्रयोग गरी गाउँपालिकालाई उज्यालो र समृद्ध वनाउन सक्रिय हुनु पर्ने देखिन्छ । यसको निम्ती सवै वुद्धिजीवी समाजसेवी राष्ट्रसेवकहरुसंग सहयोगको अपेक्षा गरिएको छ ।

याङवरक गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक, ऐतिहाँसिक, धार्मिक तथा पर्यटकीय, अवस्थालाई अगाडि राखी यसको मार्गचित्र कोर्नु पर्ने भएको छ । यो गाउँपालिकालाई विकट भूगोलको कारणले पूर्वाधारको विकास राम्रो हुन नसकेको अवस्थामा सीमित स्थानिय स्रोत र साधनको अधिकतम उपयोग गरी प्रतिव्यक्ति आय वढाउनु पर्ने आवश्यकता छ । वढ्दो वेरोजगारीको अन्त्य तथा वैदेशिक रोजगारको न्यूनीकरणका निमित्त पनि सीपमूलक तालिमको व्यवस्था गर्नुपर्ने र वेराजगारी तथा वैदेशिक पलायनलाई रोक्नु पर्ने भएको छ ।  अव यो जिम्मेवारी नव निर्वाचित जनप्रतिनिधिहरुको काँधमा आएको छ ।

युवाहरु वेरोजगारीका कारण विदेसिएका छन । पूर्वाधारहरुको राम्रो विकास हुन सकेको छैन । गाउँका जग्गा जमिन वाँझो छन । भू-उपयोगको राम्रो योजना छैन । जडीवुटी र नगदे वालीलाई व्यवसायिक वनाउन सकिएको छैन । याङवरक गाउँपालिका भित्रका धार्मिक तथा पर्यटकीय स्थलहरु तिम्बुङपोखरी, लामपोखरी, सुकेपोखरी, गुण्ठेपोखरी, हिलेपोखरी, ५२ मौलो निसान थान कालिका धाम, गुप्तेश्वरमहादेव, चरिभञ्ज्याङ, भोटेगढि, गुम्से शाखा पाथिभरा, तेयालुङकिरात माङहिम, चिवाभञ्ज्याङ, फालोट माङगेनालुङ, कालापानी जस्ता स्थानहरुको राम्रो प्रचार प्रसार, संरक्षण, सर्म्बधन र विकास हुन सकेको छैन । यसलाई आयस्रोतको माध्यम वनाउन सकिएको छैन । सामुदायीक विद्यालयको शिक्षाको स्तर आशा गरे जस्तो छैन । विपन्न परिवारका वालवालिकाहरु आयस्रोत नभएको कारण विद्यालय जान सकेका छैनन । स्वास्थ्यलाई सरल र सुलभ वनाउन सकिएको छैन । गाउँपालिकाको गुरुयोजना बन्दैगरेको अवस्था छ । च्याङथापु, फलैचा, ओयाम, थर्पु, गणेश चोक जस्ता बजारहरुको उचित व्यवस्था हुन सकेको छैन । त्यसैले गाउँपालिकाको आर्थिक विकासका निमित्त कृषि उत्पादनमा वृद्धि गर्नु पर्ने, पशुजन्य व्यवसाय, लघु उद्योगको प्रवर्द्धन, स्थानीय सीप र साधनवाट संचालित परम्परागत व्यवसायको संरक्षण र विविधिकरण, सहकारी नियमन र उचित व्यवस्थापन , योजनावद्ध आधारभूत पूर्वाधारको विकास तथा आम समुदायलाई  परिचालन गर्न सकेमा मात्र परिवर्तनमुखी एवं परिणाममुखी विकास संभव हुने देखिन्छ । उत्पादनशिल क्षेत्रमा लगानी गर्नुपर्ने र विकासको प्रक्रियामा सवैको सहभागिताको आवाश्यकता देखिन्छ । यी सवै चुनौतीहरु र सम्भावनाहरुको वुद्धिमत्तापूर्ण ढंगवाट समाधान र उपयोग गर्न सरकार, गैरसरकारी संघ सस्था, नीजि क्षेत्र एवं स्थानिय समुदायको अग्रसरता, सहयोग, समन्वय सहभागिता सहमति र समझदारीको आवश्यकता देखिन्छ । अझै प्रदेश तथा केन्द्रका सबै कानूनहरु वनी नसकेका अवस्थामा काम गर्न केहि असहज रहेको अवस्थामा केन्द्र तथा प्रदेश समेतसंग समन्वय गरी काम गर्नु पर्ने अनिवार्यता देखिन्छ । यसवाट मात्र यी काम सम्भव हुने देखिन्छ । यस अवस्थामा सामाजिक न्यायमा आधारित विकासका निमित्त जुट्न सवै उद्यमी, व्यवसायी, नागरिक समाज, राजनैतिकदलका प्रमुख तथा पदाधिकारीहरु, सरकारी तथा गैरसरकारी

निकायहरु, स्थानिय संघसंस्थाहरु एवं गाउँपालिकावासीहरुमा हार्दिक अनुरोध गर्दछु । यसका निमित्त वृहत गुरुयोजना तयार गरी व्यवस्थित र योजनावद्ध अल्पकालिन क्षेत्रगत र दिर्घकालिन योजनाहरु निर्माण गरी साझेदारीहरुको खोजी गरी विकास निर्माणको काममा अगाडि वढ्न पर्ने देखिन्छ ।

## याङवरक गाउँपालिकाको भौगोलिक अवस्थिति

नेपालको मानचित्रमा पाँचथर जिल्लाको याङवरक गाउँपालिकाको फैलावट २७.२६° उत्तरी अक्षांश देखि ८७.८६° पूर्वी देशान्तरमा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा भारतको सिक्किम, पश्चिममा हिलिहाङ गाउँपालिका, उत्तरमा ताप्लेजुङ जिल्लाका पाथिभरा याङवरक, सिरिजंगा र सिदिङवा गाउँपालिकाहरु र दक्षिणमा फालेलुङ र हिलिहाङ गाउँपालिकासँग सिमाना जोडिएको छ । मुख्य रुपमा पहाडी र केही उच्च पहाडी भू-भागमा फैलिएको यो गाउँपालिका भाङबारी काबेली बगर समुद्री सतहबाट २००० फिट देखि फलैचाको तिम्बुङपोखरी १२०५८फिट सम्म फैलिएको छ । यस गाउँपालिकाको क्षेत्रफल २०८.६३ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकामा २०६८ सालको जनगणना अनुसार १८२८१ जनसंख्या रहेको छ । हाल निर्माणाधिन मध्य पहाडी (पुष्पलाल लोकमार्ग) को उद्गम स्थल च्याथापूको चिवाभञ्ज्याङ वाट सुरु भै च्याङथापु बजार, फलैचा, ओयाम, थर्पु, नागीको गणेशचोक हुदै हिलिहाङ गाउँपालिका जोडेको छ । यस गाउँपालिकाकोकेन्द्रबाट ताप्लेजुङ जिल्लाका पाथिभरा याङवरक, सिरिजंघा र सिदिङवा गाउँपालिकार सबै वडा सम्म कच्ची सडक सञ्जाल रहेको नेपालको सातौ पाँचथर जिल्लाको पहिलो पूर्ण अनलाईन व्यक्तिगत घटना दर्ता गाउँपालिका हो ।

याङवरक गाउँपालिकालाई पुरानो संरचनाका ५(पाँच) वटा गाउँ विकास समितिहरु जोडेर पुनसंरचित गरिएको छ । यसरी संरचित गाउँपालिकालाई ६(छ) वटा वडामा विभाजन गरिएको छ । यस गाउँपालिकामा उष्ण, उपोष्ण, समसितोष्ण, लेकाली हावापानी पाइन्छ । यस्तो हावापानी पाइने स्थानहरुमा अलैची, अम्लिसो, चिरैतो, धान, मकै, गहुँ, आलु, केराउ, फापर, दलहन, तेलहन, सदाबहार फलफूलहरु आँप, लिची, केरा, रुखकटहर, भुँईकटहर, र मौसमी सुन्तोला, किवि, अदुवा, चिया जस्ता खद्यान्न तथा नगदे बाली खेती गरिने गरिएको छ । बहुमुल्य तथा संरक्षीत जडिबुटीहरुमा सतुवा, केन्जो, पाँचऔले, कुड्की, बिख्मा, पाखन्बेद, खोक्कीम, पदमचाल, माईकोपिला, बुढीहोक्तो, बोझो साथै संरक्षीत दुर्लभ वन्यजन्तु वनभेडा, झारल, कस्तुरी, हाब्रे (रेडपाण्डा), हिउँचितुवा, भालु, घोरल, थार, मृर्ग, बदेल, दुम्सी, स्याल, सालक, गोहोरो, वनकुकुर आदी पाईनुका साथै दुर्लभ पन्छीहरु डाँफे, मुनाल, मयूर, कालिज, हुचिल पाउनुका साथै, तिते माछा, भिरमौरी तथा घरपालुवा गाई, भैंसी, चौरी, भेडा, बाखा, बंगुर/ सुगुर, कुखुरा आदिको व्यवसायिक र व्यक्तिगतरुपमा पशुपालन गरिदै आएको छ, ।

यो गाउँपालिको नेतृत्व जनप्रतिनिधिहरुले लिएका छन । तर पनि यसले गाउँपालिकालाई व्यवस्थित गर्न विभिन्न समितिहरु गठन गरेको छ । तथापी सांगठनिक संरचनाहरु र जनशक्तिको व्यवस्थापन गर्दै आएको छ । भर्खरमात्र गाउँपालिकालाई सञ्चालन गर्ने केही कानूनहरु वनाइएको छ । तर पनि गाउँपालिकावाट निर्माण गर्नुपर्ने सम्पूर्ण कानूनहरु निर्माण हुन सकेका छैनन । गाउँपालिकाले प्राप्त गरेका सीमित स्रोत साधनवाट जनताले अपेक्षा गरेका मागहरु पुरा गर्न कठिनाई देखिन्छ । हामीले सवै वडाहरुमा वडाभेला गरी वडा समितिबाट विभिन्न योजनाहरु पारित गरी आम गाउँपालिकावासीहरुलाई विकासको प्रक्रियामा मुल प्रवाहीकरण गर्दै योजना तर्जुमाका अनेक चरण पार गरी सबै प्रकारका समुदायको चाहना र अपेक्षा पुराहोस भन्ने तर्फ ध्यान दिई आम सरोकारवालाहरुको सल्लाह र सुझाव लिई प्राथमिकता तोकी यो नीति तथा कार्यकमलाई प्रस्तावको रुपमा यहाँहरु समक्ष प्रस्तुत गरेको छु । याङवरक गाउँपालिकाको नीति र कार्यक्रमहरु **“जल,जंगल, कृषि, पर्यटन याङवरकको पहिचान, उज्यालो-समृद्ध याङवरक हाम्रो**

**अभियान"**भन्ने नाराका साथ आम जनतालाई विकास प्रकृयामा अधिकतम सहभागि गराउने नीति लिईएकोछ ।

## क) भौतिक पुर्वाधार सम्वन्धी नीति :

१. गाउँपालिका भित्रको सडक तथा यातायातको विकास मार्फत आर्थिक सामाजिक विकास व्यापार विस्तार एवं विविधीकरणमा जोड दिईनेछ ।

२. गाउँपालिका भित्र सडक नपुगेको वडा कार्यलय सम्म तथा मूल सडकहरुमा वाह्रै महिना निर्वाध रुपमा यातायात संचालन गर्ने गरी वजेटको व्यवस्था मिलाईनेछ ।

३. पाँच वर्षे सडक रणनीतिक योजना तयार गरी गाउँपालिका क्षेत्र भित्रका सडकहरुलाई सुदृढीकरण तथा स्तरोन्नती गर्दै कालोपत्रे गर्न जोड दिईनेछ ।

४. पुष्पलाल मध्यपाहाडी लोकमार्गको दायाँ वाँया हरियाली कायम गर्ने कार्यक्रम संञ्चालन गरीनेछ ।

५. नक्सा पास सम्बन्धमा जनचेतना जगाई कुनै पनि घर टहरा नक्सा पास गरेर मात्र बनाउने अवस्थाको सृजना गरिने छ ।

६. गाउँपालिका गठन पूर्व नै निर्माण भएका घर नक्सा एवं नक्सा पास नभई निर्माण भएका सवै घर टहराहरुलाई नियम अनुसार अभिलेखिकरण गराई व्यवस्थित गरिने छ ।

७. भिन्न क्षमता मैत्रि, विद्यालय एवं सरकारी सामुदायिक भवनहरु निर्माण गर्दा वालबालिका एवं भिन्न क्षमता मैत्रि निर्माण गरिने छ ।

८. अन्तर जिल्ला तथा अन्तर गाउँपालिका जोडने सडकहरुलाई आर्थिक मार्गको रुपमा विकास गरिनेछ ।

९. नयाँ सडक निर्माण भन्दा स्तर उन्नतिमा जोड दिईनेछ ।

१०. झोलुङ्गे पुलको आवश्यकता महसुस भएका स्थानहरुको पहिचान गरि दात्रि निकाय सँग सहकाय र समन्वय गरि झोलुङ्गे पुल निर्माणमा जोड दिईनेछ ।

## ख) यातायात सम्वन्धी नीति :

१. यातायात सेवालाई पहुँच योग्य सुरक्षित, सर्वसुलभ, व्यवस्थीत र वातावरणमैत्री वनाउन जोड दिईनेछ ।

२. गाउँपालिका केन्द्रबाट सवै वडा कार्यालयहरुसम्म यातायात व्यवस्थालाई सहज र सुचारु गर्न यातायात व्यवसायी सँग समन्वय गरी यातायातका साधानहरु संचालनमा जोड दिईनेछ ।

३. व्यवस्थित सवारी पार्किङको लागि उपयुक्त व्यवस्था गर्न पहल गरिनेछ ।

## ग) सुचना तथा संचार सम्वन्धी नीति

१. नविनतम प्रविधिहरुको अधिकतम प्रयोग गर्दै सुचना तथा संचार सेवा मार्फत आर्थिक, समाजिक तथा सांस्कृतिक विकासमा जोड दिईनेछ ।

२. गाउँपालिका तथा हरेक वडावाट जनतालाई दिईने सेवा प्रभावकारी र छिटो छरितो वनाउन जोड दिईनेछ र चिठि पत्रको आदान प्रदानको लागी इमेलको प्रयोगमा जोड दिइनेछ ।

३. गाउँपालिकामा भएका कामकारवाहीलाई पारदर्शि वनाउन संचार माध्यम र संचारकर्मीसँग समन्वय गरि प्रकाशन प्रसारण गरिनेछ ।

४. याङवरक गाउँपालिका सम्पुर्ण गतिविधिहरुलाई सम्प्रेसण गर्नको लागि गाउँपालिको वेब साइटलाई थप व्यवस्थित गरि सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

५. आम संचारको विकासलाई टेवा पुऱ्याउन १०० वाट सम्मको रेडियो प्रशारण अनुमति चालु आ.व मा नै माग भए स्वीकृति दिईनेछ ।

६. पत्रकारितालाई व्यवस्थीत बनाउन ठोस कार्यक्रम ल्याई कार्यान्वयन गरिनेछ ।

७. यसै आ.व.भित्र गाउँपालिकाको मुखपत्रको रुपमा संन्देस मुलक र चेतना मुलक पत्रिका प्रकाशन गरिनेछ ।

८. गाउँ कार्यपालिकाका सदस्यहरुलाई सूचना र प्रविधिमैत्री बनाउन जोड दिईनेछ ।

९. गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय परिसरलाई फ्रि वाइफाई जोन बनाइनेछ ।

१०. नेपालको सातौ पाँचथर जिल्लाको पहिलो पूर्ण अनलाईन व्यक्तिगत घटना दर्ता गाउँपालिकालाई दिगोर व्यवस्थीत बनाउन जोडदिइनेंछ ।

११. गाउँपालिकाको सम्पूर्ण तथ्याङ्कहरु संकलन गरि सूचना तथा अभिलेख केन्द्रमा व्यवस्थित गरिने छ ।

## घ) भवन आवास सम्बन्धि नितिः

१. यस गाउँपालिकाअन्तर्गत चार ओटा वडा बाहेक दुई वटा वडामा आफ्नो वडा कार्यालय भवन नभएकोले वडाहरुमा आवश्यक जग्गा निःशुल्क रुपमा प्राप्त भै सकेकोल प्राथमिकताको आधारमा वडा कार्यालय निर्माण प्रकृया यसै आ.व. देखि प्रारम्भ गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२. सामुदायिक विद्यालय भवन, वृद्धा आश्रम गृह, वाल शिक्षण केन्द्र भवन निर्माण जस्ता भवन निर्माणको कार्यलाई आवश्यकताको पहिचान गरि सोही आधारमा निर्माण कार्यलाई अगाडी बढाउने आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

## ङ) महिला विकास सम्बन्धि नीति :

१. समूह तथा समिति गठन गरी अनुशिक्षण तालिम मार्फत महिला विकास कार्यक्रममा ग्रामिण विपन्न महिलालाई आबद्ध गराईनेछ ।

२. एकल, विधुवा, विपन्न तथा पिछडिएका लक्षित महिला आधारभुत तालिम मार्फत चेतना जागरण, क्षमता विकास एवम् सामाजिक परिचालन गरिने नीति ल्यईनेछ ।

३. लेखापालन तालिम मार्फत महिला सहकारी सस्थाको लेखालाई सुदृढीकरण गर्न सहयोग पुऱ्याइनेछ ।

४. महिला पुरुष समविकास तालिम मार्फत प्रजनन् स्वास्थ्य सचेतना र लैङ्गिक हिंसा निरुत्साहित गरिनेछ ।

५. किशोरीहरुको जीवनोपयोगी तालिम मार्फत उनीहरुको आत्मवल तथा प्रतिरक्षा क्षमता वृद्धि गरिनेछ ।

६. सामूदायिक सेवा केन्द्र मार्फत हिंसामा परेका महिलाहरुलाई कानुनी उपचार र आश्रयको व्यवस्था गरिनेछ ।

७. हाल च्याङथापुमा सञ्चालनमा रहेको सेवा केन्द्रलाई निरन्तरता दिइ थर्पु क्षेत्रमा एक वटा सेवा केन्द्र स्थापना गरिनेछ ।

८. सीप विकास तालिम मार्फत महिलाहरुको रोजगारीको अवसरमा बृद्धिगरी आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याईनेछ ।

९. बाल विवाह, बाल हिसा, बालश्रम शोषणको अन्त्यका लागि समूदायमा सचेतना मुलक कार्यक्रम सचालन गरिनेछ ।

**च) कृषि तथा साना सिंचाई सम्वन्धी नीति -:**

१. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि उन्नत बिउंविजनको प्रयोगलाई ब्यवसायिक र आत्मनिर्भर बनाउन अनुदानमा आधारित विभिन्न प्रकारका मौसमी तथा बेमौसमी बिउंबिजन वितरण गरिनेछ ।

२. स्थानीय सम्भाव्यता अध्ययन गरि कृषि उत्पादनलाई क्षेत्रगत रुपमा पकेट क्षेत्रको रुपमा विकास गरि आत्मनिर्भरताको नीतिलाई अवलम्वन गरिनेछ ।

३. गाउँपालिका क्षेत्र भित्रको खेतियोग्य जमिनमा सधैंभरि सिंचाई सुविधा प्रदान गर्नको लागि सानासिंचाई (प्लास्टिक पोखरी, पाईप) को योजना विस्तारको नीति अवलम्वन गरिने छ ।

४. थर्पुको सनिवारे बजार, ओयामको सेरोफेरोमा, कृषि हाटबजार र नागीको कृषि संकलन केन्द्रलाई ब्यवस्थित गर्ने नीति लिईनेछ ।

५. अलैचीको पकेट क्षेत्रलाई अझ विस्तार गर्दै दिर्घकालिन बनाउन पुराना बगैचा सुधार गरि नयाँ(बिउं बाट उत्पादित) बिरुवा लगाउने नीति अवलम्बन गरिनेछ ।

६. सबै वडामा रासायनिक विषाधिको प्रयोगलाई न्युनीकरणका लागि सचेतनामुलक कार्यक्रम संचालन गर्नुका साथै प्राङगरिक र जैविक मलहरु उत्पादन तथा प्रयोग गर्नेलाई आवश्यक सहयोग गर्ने नीति अवलम्वन गरिनेछ साथै पहिलो वर्ष वडा नं. ६ को कुनै क्षेत्रलाई प्राङगरिक पकेट क्षेत्र घोषणा गरिनेछ ।

७. कृषि जन्य उत्पादनमा लगानी घटाउन आधुनिक उपकरणहरु ७५ देखि ९० प्रतिसत अनुदानमा उपलब्ध गराईनेछ ।

८. करार खेति, सहकारी खेति तथा समुहिक खेतिलाई प्रोत्साहन गर्ने तथा सहयोगको निति अवलम्बन गरिनेछ ।

९. कृषि उत्पादन र कृषि जन्य उद्योग बीच तादम्यता हुनेगरी कार्यक्रम सञ्चालन गर्ने निति अवलम्बन गरिनेछ ।

१०. नर्सरि निर्माणमा आवश्वयक सामाग्री तथा अन्य सहयोग प्रदान गर्ने निति अवलम्बन गरिनेछ ।

११. कृषि व्यवसाय गर्न चाहानेका लागि सहुलियत व्याज अनुदानको व्यवस्था गरिनेछ ।

१२. माटो र हावापानी सुहाउने खेतीको विकास गर्न विभिन्न ठाउँमा माटो परिक्षण शिविर संचालन तथा कृषि चुन वितरण गर्ने नीति अवलम्वन गरिनेछ

.

**छ) पशुपन्छी सेवा सम्वन्धी नीति**

१. कृषकको पशुपालन तथा यसमा देखिएको समस्या समाधानका लागि छुट्टै पशुपन्छी सेवा शाखा स्थापना गरी निर्वाहमुखी पशुपालन प्रणालीलाई आधुनिक व्यावसायीक तथा नाफामुलक प्रविधिमा रुपान्तरण गरीनेछ यसका लागि ल्यावसेवा तथा स्वास्थ्य उपचारसेवा स्तर उन्नोति गरिनेछ ।

२. पशु विमा कार्यक्रमलाई व्यवस्थित बनाउन ५० प्रतिसत अनुदानमा विमा कार्यक्रम सञ्चालन गर्ने निति अवलम्बन गरिनेछ ।
३. कृतिम गर्भाधान र नश्ल सुधार, पशुजन्य पदार्थको वजार विस्तार तथा मासु पसल र वधस्थल सुधारमा प्राथमिकता दिई दुध तथा दुग्धजन्य पदार्थ उत्पादन र वितरणमा जोड दिइने छ ।
४. वजार व्यवस्थापन, वजार क्षेत्र वरीपरीको वातावरण पशुपंक्षीजन्य प्राकृतिक प्रकोप, महामारी रोग तथा मानव जन्य विनाश हुने रोगको संक्रमण जस्ता रोगको रोकथाम तथा नियन्त्रणको नीति अपनाईने छ ।
५. पशु वस्तुको स्वास्थ्य स्थीति तथा अवस्था सुधार ल्याउनका लागि व्यवस्थीत स्वास्थ्य सेवा उपलव्ध गराई उत्पादन वृद्धि एवं गुणस्तर सुधारमा जोड दिइने छ ।
६. पशु व्यवसाय सुधारका लागि व्यवसायिक फामलाई अनुदानमा आधारित कार्यक्रम तय गरिनेछ ।
७. नमुनाको रुपमा आर्थिक विकासका लागि व्यवस्थित गाईपालन पकेटक्षेत्र स्थापना र गोठ तथा भकारो सुधार कार्यक्रम ल्याइनेछ ।
८. जैविक विविधता संरक्षणमा जोड दिई लोप हुन लागेका पशु वस्तुको अवस्था सुधारका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरीने छ ।
९. पशु आहारा व्यावस्थापन तथा  चरन क्षेत्र सुधारका लागि हिउदे वर्षे एवं वहुवर्षे  घासका वीउ वितरण तथा ढुवानीमा जोड दिइने छ ।
१०. कृषकको मनोवल एवं आत्म सन्तुष्टी अभिवृद्धिका लागि “उत्कृष्ट गाउपालिका पशुपालक पुरस्कार” व्यवस्था गरीनेछ ।

**छ) विपद व्यवस्थापन सम्वन्धी नीति :**

१. वाढी पहिरो आगलागी तथा भुकम्प जस्ता प्राकृतिक प्रकोपवाट प्रभावितलाई तत्काल राहत, औषधी उपचार, खानपान लत्ताकपडा तथा आवश्यक सामग्री उपलब्ध गराउनको लागि चालु आ.व.मा विपद व्यवस्थापन कोषको स्थापना गरीनेछ ।
२. विपदको अवस्थामा तत्काल उद्धारको लागि आवश्यक उद्धार सामग्रीहरु तथा सुरक्षित वास स्थानको व्यवस्थाको लागि बजेटको व्यवस्था गरिनेछ ।
३. आगलागि नियन्त्रणगर्ने  बारुण यन्त्रहरुको व्यवस्था गर्न पहल गरिनेछ ।
४. भूकम्प प्रतिरोधक घरनिर्माणका लागी याङवरक गाउँपलिका स्तरीय जनचेतना मूलक कार्यक्रमहरु सञ्चलन गर्ने । यस गाउँपालिका स्थित व्यवसायिक र आवासीय प्रयोजनको लागि निर्मण सम्पूर्ण भवनको निर्माण गर्दा वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड २०७२ कार्यान्वयन गरिनेछ ।

## ज) लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नीति :

१. महिला, वालवालिका, आदिवासी जनजाती, फरक क्षमता भएका व्यक्ति जेष्ठ नागरिक दलित तथा विपन्न वर्गहरुको आर्थिक सामाजिक तथा राजनैतिक सशक्तिकरण गर्दै लगिनेछ ।
२. आर्थिक सामाजिक रुपले विपन्न महिला, वालवालिका, आदिवासी जनजाती, फरक क्षमता भएका व्यक्ति जेष्ठ नागरिक दलित तथा विपन्न वर्गहरुको लागि आयआर्जन गरि गरिवी न्युनीकरण रोजगारी प्रर्वधन जस्ता कार्यक्रमलाई विशेष प्राथमिकताका साथ अगाडी बढाइने छ ।

३. गाउँपालिकाक्षेत्रमा रहेका शैक्षिक वेरोजगार तथा युवाहरुका लागि विशेष स्वरोजगार कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
४. राज्यले सम्मान गर्ने भनि तोकिएको अपाङ्ग, जेष्ठ नागरिक, एकल महिला आदिलाई राज्यद्धारा जारी गरिने परिचय पत्र घर दैलो कार्यक्रम मार्फत घर घरमा गएर वितरण गर्ने प्रवन्ध मिलाइने छ ।
५. सामाजिक सुरक्षा भत्ता सम्पुर्ण वडाहरुको वैङ्क मार्फत वितरण गरिने कार्यको निरन्तरता दिईनेछ । साथै वैङ्कमा आएर खाता खोल्न नसक्नेहरुको लागि घरदैलोमा नै खाता खोल्ने व्यवस्था मिलाईनेछ ।
६. सामाजिक विकास तथा सामाजिक समावेशीकरण कार्यक्रमहरुको सञ्चालनमा अन्तराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संघ संस्था तथा विकास साझेदारहरुसँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
७. जेष्ठ नागरिकहरुलाई सम्मान र कदर गर्ने नीति लिईनेछ ।
८. बृद्ध आश्रम सेवा केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

## झ) सामाजिक तथा गैह्रसरकारी संस्था सम्बन्धी नीति :

१. राष्ट्रिय तथा अन्तराष्ट्रिय, स्थानीय गैर सरकारी संस्थाहरुको श्रोतलाई शिक्षा,स्वास्थ्य, खानेपानी वन तथा वातावरण संरक्षण, सहकारी प्रवद्धन, पर्यटन प्रबद्धन तथा विकास, पिछाडीएको क्षेत्र, लक्षित समुदाय तथा सशक्तिकरणको क्षेत्रमा कार्यक्रम संचालन गर्ने वातावरण मिलाईने छ ।
२. स्थानीय नागरिक तथा गैर सरकारी संस्थाहरुलाई कृर्याशिल बनाइनेछ ।

## ञ) वालवालिका सम्वन्धी नीति :

१. वालवालिकालाई निशुल्क रुपमा उपलब्ध गराईने स्वास्थ्य सुविधाको विस्तार र गुणस्तरमा वृद्धि गरिनेछ ।
२. वालमैत्री स्थानीय शासन, वाल संरक्षण समिती र वाल क्लव संचालनमा आवश्यक सहयोग गरीनेछ ।
३. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाई सम्पुर्ण बालवालिकाहरुलाई आवश्यक पोषणको प्रत्याभूत गर्ने नीति आवलम्बन गरिनेछ ।
४. आगामि ३ बर्ष भित्र यस गाउँपालिकालाई कुपोषण रहित पोषण युक्त गाउँपालिका घोषणा गर्न पोषण संग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ ।

## ट) स्वास्थ्य सम्वन्धी नीति :

१. सवै नागरिकहरुलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।
२. असाध्य तथा जटिल प्रकृतिका रोग लागेका असाहय र आर्थिक अवस्था कमजोर भएका विरामीहरुको निशुल्क उपचार गराउने तर्फ पहल तथा आर्थिक सहायता प्रदान गरिने छ ।
३. स्वास्थ्य चौकी थर्पुको ल्यावसेवालाई निरन्तरता दिइने स्वास्थ्य चौकी च्याङथापुमा ल्याव सेवा सञ्चालनमा ल्याईनेछ ।
४. स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापनका लागि उचित नीति तय गरिनेछ ।
५. यस गाउँपालिकाक्षेत्र भित्र रहेकास्वास्थ्य संस्थाहरुमा अत्याधुनिक तथा सुविधा सम्पन्न सेवाहरु सञ्चालनको लागि प्रवन्ध मिलाइनेछ ।
६. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, शिशु तथा वाल स्वास्थ्य सेवाका वारेमा कार्यक्रम तय गरीनेछ ।

७. स्वास्थ्य केन्द्रहरुको पहुँचवाट टाढा रहेका स्थानहरुमा श्रोतको व्यवस्था गरी आवश्यकता अनुसार निशुल्क स्वास्थ्य विशेष घुम्ती स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।
८. वडा नं. ५मा स्वास्थ्य इकाई स्थापनाको लागि पहल गरिनेछ ।
९. प्रत्येक गर्भवती आमाले कम्तीमा ४ पटक अनिवार्य गर्भ जाँच गर्ने व्यवस्था मिलाउन गर्भ जाँचलाई गाउँपालिकाबाट प्रदान गरिने अन्य सेवासँग सामान्जस्यता कायम गर्ने नीति अवलम्बन गरिनेछ ।
१०. स्वास्थ्य चौकी फलैचामा बर्थिङ सेन्टर स्थापना गरिनेछ ।
११. महिलाहरुको पाठेघर (आङ) खस्ने समस्याको निराकरणको लागि आवश्यकता अनुसार शिविर सञ्चालन गरि उपचार तथा रोकथाम गर्ने नीति अवलम्बन गरिनेछ ।
१२. स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला तथा सुत्केरी आमालाई कार्यविधी बमोजिमकारु ५०० प्रतिव्यक्ति पोषण भत्ताको रुपमा उपलब्ध गराईने छ ।
१३. महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई मासिक खाजा भत्ता रु १५०० का दरले उपलब्ध गराइनेछ ।
१४. स्वास्थ्य सेवालाई व्यवस्थीत बनाउन अनुगमनलाई प्रभावकारी र नियमित बनाईनेछ ।
१५. निशुल्क रुपमा वितरणका लागि सूचीकृत औषधी अटुट रुपमा व्यवस्था मिलाईनेछ ।
१६. सबै स्वास्थय संस्थाहरुमा इन्टरनेटको विस्तार गरि बि.आर.एस. सिस्टमलाई यसै वर्षभित्र लागु गरिनेछ ।
१७. यस गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापनाको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

## ठ) खानेपानी तथा सरसफाई सम्वन्धी नीति :

१. शुद्ध र गुणस्तरीय खानेपानीको सेवा उपलब्ध गराउनेको लागि बृहत खानेपानी आयोजना सञ्चालन गरि एक घर एक धाराको नीति अवलम्बन गरिनेछ ।
२. बजारक्षेत्रमा ढल तथा फोहरमैला व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ अगाडी वढाईनेछ ।
३. हालको डम्पीङ साइटको विकल्पकोरुपमा ल्याण्ड फिल्ड साइडको व्यवस्था गर्न पहलगरिनेछ ।
४. सरसफाइलाई अभियान कै रुपमा सञ्चालन गर्न सार्वजनिक नीजि साझेदारीको नीति आवलम्बन गरिने छ ।
५. याङवरक गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका क्षेत्र निर्माण र सम्भाब्य सार्वजनिक स्थलको पहिचान गरि सार्वजनिक शौचालय निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
६. प्रत्येक वजारलाई प्लाष्टीक मुक्त बनाउने तथा प्रत्येक बजारमा फोहोर फाल्ने स्थान कायम गरिनेछ ।
७. याङवरक गाउँपालिकाका बजार क्षेत्रहरुमा स्वच्छ खानेपानिको व्यवस्थाको लागि पहल गरिनेछ ।
८. खानेपानीको शुद्धता र गुणस्तर परिक्षणको व्यवस्था मिलाईनेछ ।
९. याङवरक गाउँपालिका भित्रका सबै बजारहरुमा कम्तीमा एक वटाको दरले सार्वजनिक स्वच्छ खाने पानी धाराको व्यवस्था मिलाईनेछ ।
१०. बजार सरसफाई अवस्थाको नियमित अनुगमन गरिनेछ ।
११. बजार सरसफाईका लागी आवश्यक फोरमैला संकलन तथा सफाई उपकरणहरु व्यवस्था गरिनेछ ।
१२. शुद्ध खानेपानी तथा सरसफाई अभियानका लागी जनचेतनामूलक कार्यक्रम तथा सूचनाहरु प्रवाह गरिनेछ ।

१३. पूर्ण सरसफाई अभियानलाई सारभुत रुप दिनको लागि अनुगमन, निरिक्षण तथा आवश्यक सहयोग समेत गरिनेछ ।

## ड) शिक्षा तथा खेलकुद सम्वन्धी नीति :

१. रोजगारी र उद्यमशिलता विकास गर्ने प्राविधिक एवम् व्यवसायीक शिक्षा सञ्चालन गर्न चाहने विद्यालयलाई अनुदानको व्यवस्था गरिनेछ ।

२. आगामी शैक्षिक सत्र देखी विपन्न र कुनै संघ संस्थावाट संरक्षण नगरीएका वालवालिकाहरुलाई आवश्यक शैक्षिक सामाग्री र पोषाक समेतको व्यवस्था गरी विद्यालय जाने वातावरण वनाईनेछ ।

३. आ.ब. २०७५।०७६ सालको एस.ई.ईमा उत्कृष्ट नतिजा हासील गर्ने याङवरक गाउँपालिका भित्रका एक जना छात्र,र एक जना छात्रालाई प्रोत्साहन स्वरुप सम्मान गरीनेछ ।

४. प्रत्येक सामुदायिक विद्यालयमा स्थानीय भाषा शिक्षकको व्यवस्था क्रमश गरिनेछ ।

५. विद्यालय वालक्लव तथा वाल सञ्जाल वडा स्तरीय, गाउँपालिका स्तरीय गठन, पुनरगठन गरि वाल प्रतिभाहरुको उजागर तथा प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

६. वालविकास केन्द्रहरुलाई समय सापेक्ष पूर्वाधारयुक्त बनाईनेछ

७. विद्यालयलाई प्रविधियुक्त बनाउन कम्प्यूटर तथा इन्टरनेट, ई-हाजिरी र सिसि क्यामेरा जडानको पहुँच बृद्धि गरिनेछ ।

८. जिर्ण र भौतिक रुपमा समस्या ग्रस्त सामुदायिक विद्यालयलाई स्थानीय तहबाट गरिने सहयोगको मापदण्ड तयार गरि सहयोग गर्ने निति अबलम्बन गरिनेछ ।

९. वडा स्तरमा सामुदायिकअध्ययन केन्द्रको स्थापना क्रमैसँग गरिनेछ ।

१०. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि १२ कक्षासम्म अंग्रेजी माध्यममा अध्ययन-अध्यापनको क्रमागतरुपमा व्यवस्था मिलाइनेछ ।

११. अपाङ्ग,वाल,लैङ्गीक, स्थानीय शासन र वातावरण मैत्री विद्यालय संचालनको वातावरण तयार गरिनेछ ।

१२.हाल सञ्चालित क्यामपसमा संकाय थप गरेर उच्च शिक्षा अध्ययनको स्थानीय स्तरमै व्यवस्था गरिनेछ।

१३. एक वडा एक खेलमैदानको निर्माण क्रमश गरिनेछ ।

१४. गाउँपालिका तथा अन्तर गाउँपालिका स्तरीय फुटबल, भलिबल, कराँते, ब्याडमिन्टन लगायतका अन्य खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

१५.संघिय, प्रदेश तथा स्थानीय कानुन बमोजिम बिद्यालयहरुको समायोजन गरिनेछ ।

१६. विद्यालय स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

## ढ) वातावरण सम्वन्धी नीति :

१. वातावरण संरक्षण तथा जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ, खाली सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गरिनेछ ।

२. सुधारिएको चुलोको निर्माण गरी धुँवारहित भान्सा घरको विकासमा जोड दिईनेछ ।

३. वजार तथा ग्रामिण क्षेत्रका मुख्य चोकहरु र सार्वजनिक महत्वका स्थलहरुमा सौर्य सडक वत्ति विस्तार गरी उज्यालो बजारको अवधारणालाई अगाडी वढाईनेछ ।

४. वातावरण प्रदुषण र जलवायु परिवर्तन जस्ता विषयहरुबाट वातावरण संरक्षण तथा वातावरणलाई जोगाइ राख्नको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

५. याङवरक गाउँपालिकालाइ स्वच्छ सफा र हराभरा युक्त गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

## ण) पर्यटन सम्वन्धी नीति :

१. पर्यटनको प्रवर्द्धन र पर्यटन विकासका लागि सार्वजनिक निजी, सहकारी सामुदायिक क्षेत्रसँग साझेदारी एवं सहकार्य गरी यस क्षेत्रवाट हुने लाभहरुलाई जनस्तर सम्म पुऱ्याउन जोड दिईनेछ ।

२. पर्यटन क्षेत्रको लाभलाई ग्रामिणस्तर सम्म पुऱ्याउन होमस्टे सञ्चालनलाई निरन्तरता तथा थप प्रोत्साहन गरिनेछ ।

३. पर्यटन प्रवर्द्धनको लागि तिम्बुङपोखरी, गुप्तेश्वर महादेव मन्दिर,लामपोखरी, चिवाभञ्ज्याङ (पुष्पलाल मध्यपहाडी लोकमार्ग गेटवे) ५२ मौलो, कालापानी लगायत अन्य पर्यटकिय क्षेत्रहरुको विकासको लागि आवश्यक गुरु योजना निर्माण गरि अगाडी बढाइनेछ ।

४. सीमा क्षेत्र विकास कार्यक्रम, मोटर बाटोमा पुल जस्ता कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

## त) संस्कृति सम्वन्धी नीति :

१. याङवरक गाउँपालिका भित्र रहेका धार्मिक, पुरातात्वीक तथा ऐतिहासिक सम्पदाहरुको लगत संकलन गरी संरक्षण र संम्वर्द्धनमा जोड दिईनेछ ।

२. सांस्कृतिक पर्यटकीय स्थलहरुको व्यापक प्रचार प्रसार गरी संस्कृति प्रवर्द्धनमा जोड दिईनेछ ।

३. धार्मिक सास्कृतिक ऐतिहासिक एवं पुरातत्विक महत्वका सम्पदाहरुको दिगो विकास एवं व्यवस्थापनको लागी गुरुयोजना वनाई कार्यन्वयन गर्दै लगिनेछ ।

४. याङवरक गाउँपालिका भित्र रहेका विभिन्न जाती, पर्व, जात्रा तथा वाजागाजाहरुलाई संरक्षण गर्ने नीति लिइनेछ ।

५. लोपउन्मुख आवस्थामा पुगेका लिम्बु भाषा, राई भाषा, सुनुवार भाषा लगायतका भाषाहरुको संरक्षण र संवर्द्धनमा विषेश जोड दिने नीति अवलम्बन गरिनेछ ।

६. साँस्कृतिक धरोहरहरु मठ मन्दिर गुम्बाको भौतिक संरक्षण संवर्द्धन गरिनेछ ।

## थ) राजश्व तथा कर सम्बन्धि नीतिः

१. करका दरहरुलाई प्रतिस्पर्धी तथा समन्यायीक वनाईनेछ ।

२. समयमै कर भुक्तानी गर्ने करदाताहरुलाई प्रोत्साहन गर्ने, नीतिलाई चालु आ.व देखि नै सुरुवात गरिनेछ ।

३. कर प्रणालीलाई लगानीमैत्री तथा व्यवसायीमैत्री वनाईनेछ ।

४. करको दरलाई बृद्धि गर्नु भन्दा करको दायरालाई फराकिलो बनाइने नीति अवलम्बन गरिनेछ ।

५. जनतालाई कर प्रति आकर्षित गर्न तथा कर तिर्ने प्रणालिलाई सहजताको लागि टोल बस्तीमा स्वयमसेवक परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

६. करको दायरामा नआएका क्षेत्र तथा करदाता पहिचान गरि दायरामा ल्याउन कर अभियान सञ्चालन गरि कर सप्ताह सञ्चालन गर्नुको साथै स्वयमसेवक परिचालन गरि सवै क्षेत्रलाई करको दायरामा ल्याइनेछ ।

## ध) सहकारी नीतिः

१. सहकारीको माध्यमवाट स्थानीय श्रोत, श्रम, साधन सीप र पूँजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरीनेछ ।

२. सहकारी संस्थाहरुसँग समन्वय गरी कृषि, पर्यटन, उद्योग र उर्जा जस्ता क्षेत्रमा लगानि गर्न प्रोत्साहित गरिनेछ ।

३. टोल टोलमा सहकारी घर घरमा रोजगारी भन्ने नाराका साथ प्रत्येक टोलमा सहकारी विस्तारको नीति अवलम्बन गरिनेछ ।

४. विभिन्न खालका सहकारी शिक्षा, सहकारी व्यवसाय प्रवर्द्धन जस्ता सहकारी सम्बन्धि आवश्यक तालिम सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ ।

५. सहकारी संस्था सम्बन्धि स्थानीय नीति, कानून, मापदण्ड कार्यन्वयन र नियमनमा विशेष जोड दिने नीति अवलम्बन गरिनेछ ।

६. सहकारी वचत तथा ऋण परिचालन सम्बन्धि मापदण्ड निर्माण गरिनेछ ।

७. उत्पादन भएका कृषिजन्य सामाग्रीलाई व्यावस्थापन गर्न २ वटा चिस्यान केन्द्र निर्माण गर्न पहल गरिनेछ ।

८. सहकारी सामुदायिक अध्ययन केन्द्र तथा प्रशिक्षण केन्द्रको व्यवस्थामा पहल गरिनेछ ।

## न) भ्रष्टाचार नियन्त्रण र सुशासन सम्वन्धी नीति :

१. भ्रष्टाचारजन्य कार्यको शुन्य सहनशिलताको नीति मार्फत सुशासन प्रवर्द्धन गर्न जोड दिईनेछ ।

२. सार्वजनिक आय व्ययलाई व्यवस्थित र पारदर्शि वनाईनेछ ।

३. हरेक विकास निर्माणका कार्यहरुमा सरोकारवाहरुलाई, जवाफदेही, पारदर्शि एवं उत्तरदायी वनाईनेछ ।

४. गाउँपालिका तथा वडा कार्यलयहरुवाट प्रदान गरीने सेवा सरल, सहज चुस्त दुरुस्त र सेवाग्राही मैत्री वनाईनेछ ।

५. गाउँपालिका तथा गाउँपालिकाका प्रत्येक वडा कार्यालयहरुबाट सञ्चालन गरिने सेवालाई विद्युतिय सुचना प्रणालीमा आवद्ध गरि प्रविधि मैत्रि बनाइनेछ ।

६. सेवा प्रवाहलाई व्यवस्थित गर्नको लागि विद्युतीय माध्यमबाट सेवा प्रवाह लाई जोडदिइनेछ ।

७. न्यायिक समितिको लागि मेलमिलाप केन्द्र गठन तथा तालिम सञ्चालन गरिनेछ ।

८. न्यायिक समितिको इजलास व्यवस्थापन गरिनेछ ।

९. न्यायिक समिति तथा गाउँपालिकाको कानुनी सल्लाहकारको व्यवस्था गरिनेछ ।

१०. न्यायिक समिति तथा कर्मचारीहरुलाई क्षमता विकासका तालिम सञ्चालन गरिनेछ ।

११. न्यायिक समितिलाई प्रविधिमैत्री बनाईनेछ ।

## प) वन तथा भु-संरक्षण सम्बन्धि नीतिः

१. वन जंगलको विस्तार तथा भूक्ष्य नियन्त्रणको लागि वृक्षारोपण कार्यलाई प्रभाकारी रुपमा अगाडी बढाइनेछ ।
२. वन कार्यालय तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरुको साझेदारीमा नर्सरीहरुको स्थापना र विस्तार गरिनेछ ।
३. वन जंगलको संरक्षण, सदुपयोग र जगेर्नालाई आय आर्जनसँग आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।
४. गाउँपालिकाक्षेत्र भित्र रहेका सामुदायिक उपभोक्त समुहहरुको प्रभावकारी परिचालन गरि वन क्षेत्र बढोत्तरी गर्ने नीति अवलम्बन गरिनेछ ।
५. वन उपभोक्ता समुह भित्रका विकृति र विसंगतिहरुको पहिचान गरि पारदर्शि तथा सुशासन युक्त बनाइनेछ ।
६. कटान आदेश भन्दा वढी मनोमानि अवैध ढङ्गले रुख कटान गरेमा कानुन बमोजिम कानुनि कारवाहि गरिनेछ ।

**फ) जल तथा विद्युत सम्बन्धि नीती :**

१. गाउँपालिका भित्र रहेका नदीहरुवाट जलविद्युत उत्पादन गर्ने कम्पनिहरुलाई लगानीमा प्रोत्साहन गरिनेछ ।
२. लघुजलविद्युतहरुको दिगोपनाको लागि लागत सहभागितामा आधारीत पूर्वाधार विकासमा जोड दिईनेछ ।
३. स्थानीय लघुजलविद्युतहरुलाई मर्मत संभार तथा व्यवस्थित गरिदै लगिनेछ ।

**ब) खानि तथा भूगर्भ नीती :**

१. खानि क्षेत्रको पहिचान गरि उत्खनन् गर्ने उद्योग व्यसायलाई प्रोत्साहित गरिनेछ ।

**भ) सुरक्षा निती :**

१. याङवरक गाउँपालिका सुरक्षको लागी गाउँपालिकाको केन्दमा “क” वर्गको इलाका प्रहरी कार्यालय स्थापना गर्न पहल गरिनेछ ।
२. गाउँपालिकाका वडाहरुमा भएका वडा प्रहारी चौकीलाई मजबुत बनाउनुका साथै प्रहरी चौकी नभएका वडा हरुमा चौकी स्थापना गर्न पहल गरिनेछ ।
३. याङवरक गाउँपालिका भित्र ट्राफिक पोष्ट, सुरक्षा जाँच पोष्ट स्थापना गर्ने पहल गरिनेछ ।
४. प्रहरी चौकिको भौतिक संरचनाको विकास गर्नमा जोडदिईनेछ ।
५. थर्पु बजार तथा अन्य बजारमा सि.सि.क्यामराको व्यवस्था मिलाईनेछ ।
६. चिवा भञ्ज्याङमा शसत्र सिमा सुरक्षा वल स्थापनाको पहल गरिनेछ ।

**भ) अनुसन्धान तथा विकास सम्बन्धि निति**

१. पालिका भित्र अवस्थित प्रकृतिक स्रोत साधन पर्यटन सामाजिक साँस्कृतिक तथा धार्मिक सम्पदाहरुको कृर्षि, पशू, जडिबुटि तथा लोक्ताखेति विस्तार तथा प्रशोधनको सम्भाव्यता अध्ययनको गरिनेछ ।

**म) सिंचाई सम्बन्धि निती:**

२. यस पालिका भित्र रहेका सिंचाई कुलोहरुलाई मर्मत सम्भार गरि व्यवस्थित गरिदै लगिनेछ ।

३. खानेपानि तथा सिंचाईका मुहानहरुको पहिचान गरि संरक्षण गरिनेछ ।

## य) अन्य नीति :

१. याङवरक गाउँपालिका र राष्ट्रिय तथा अन्तराष्ट्रिय गाउँपालिकासँग भगिनी सम्वन्ध कायम गर्ने कार्यको प्रक्रियालाई अगाडी वढाईनेछ ।

२. याङवरक गाउँपालिकाको केन्द्रमा रहेको थर्पू बजार लगायत च्याङथापू, फलैचा, ओयाम, गणेशचोक लाई गाउँपालिकाको व्यापारिक केन्द्रको रुपमा यसलाई विकास गर्दै लगिनेछ ।

३. भारतको दार्जिलिङ, सिक्किमसंग व्यवस्थित व्यापार व्यवस्थापन गर्ने पहल गरिनेछ ।

४. याङवरका गाउँपालिकाबाट सञ्चालन गरिने हरेक कार्यक्रमहरुलाई गरिवी निवारणसँग आवद्ध गरिने नीति अवलम्बन गरिनेछ ।

५. जन निर्वाचित जन प्रतिनिधिहरुको क्षमता विकास र समन्वयको लागि उत्कृष्ट गाउँपालिका तथा नगरपालिकाहरुको अवलोकन भ्रमण गर्ने/गराइने नीति अवलम्बन गरिनेछ ।

६. विभिन्न बैदेशिक तालिम, गोष्ठी, सेमिनारमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्य सहभागी हुँदा डेर्स कोड तोकि सोही बमोजिमको पोशाकको व्यवस्था गर्न वार्षिक रु.१०,०००।०० प्रति व्यक्ति पोशाक भत्ताको व्यवस्था गरेकोछ ।

७. यस गाउँपालिकाको कार्यसम्पादनमा कर्मचारीहरुको अभावमा असर पुगिरहेको अवस्थामा अन्य क्षेत्रबाट कर्मचारीहरुको आवागमनमा थप आकर्षण ल्याउनको लागि प्रोत्साहन स्वरुप मासिक खाजा भत्ताको व्यवस्था गरिएको ।

**आदरणीय महानुभावहरु**

उर्पयुक्त नीतिहरु कार्यान्वयन गर्नका निमित्त यस याङवरक गाउँपालिका बाट निम्न निर्णयहरु गरेको छु ।

**विनियोजित बजेटलाई निम्नानुसार खर्च गर्ने व्यवस्था गरेकोछु ।**

| क.स. | बजेट शिर्षक | विनियोजित बजेट रु |
|---|---|---|
| १ | आर्थिक विकास | १,३३,६३,००० |
| २ | सामाजिक विकास | १६,२८,४१,००० |
| ३ | पूर्वाधार विकास | ८,८८,५३,००० |
| ४ | वातावरण तथा विपत व्यवस्थापन | ४५,६२,००० |
| ५ | संस्थागत विकास सेवा प्रर्वाह र सुशासन | ४,०९,९४,००० |
| जम्मा | | ३१,०५,६३,००० |

अन्त्यमा यस समारोहमा उपस्थित भई समारोहको गरिमा बढाई दिनु हुने आदरणिय प्रमुख अतिथी, विषेश अतिथीज्यूहरु, अतिथीज्यूहरु तथा विशिष्ट महानुभावहरु प्रति पुन एकपटक हार्दिक धन्यवाद दिदै विदा हुन चाहान्छु ।

**धन्यवाद ।**

**प्रस्तोता**

**लेख नाथ घिमिरे**

**अध्यक्ष**

**याङवरक गाउँपालिका**

**मिति**